





राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस ७ गते सोमबार ❑ 22 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## वर्तमान सरकार चुनाव गराउन सक्षम छैन : एमाले सचिव अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ६ पुस




नेकपा एमालेका नवनिर्वाचित सचिव तथा गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले वर्तमान सरकार निर्वाचन गराउन सक्षम नरहेको बताएका छन् ।

प्रेस चौतारी नेपाल कास्कीले आइतबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उनले सरकारले शान्ति सुरक्षा कायम गर्न नसकेको आरोप लगाए । उनले गत भदौ २३ गते दिउँसो १:०० बजेपछि सवारीसाधनसहित व्यापक तोडफोड र विध्वंस भएको उल्लेख गर्दै त्यसतर्फ राज्य गम्भीर हुन नसकेको बताए। "स्कुलका विद्यार्थीलाई स्कुलकै बसमा विभिन्न स्थानमा लगेर किन झारियो ? यो कुरा तपाईं पत्रकारहरूले पनि देख्नुभएको छ, तर किन यसबारे बोलिँदैन ?" भन्दै उनले सञ्चारमाध्यमप्रति पनि प्रश्न उठाए । एमाले सचिव अधिकारीले तत्कालीन प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीले संवैधानिक निकायमार्फत देशलाई निकास दिन सकियोस् भन्ने उद्देश्यले राजीनामा दिएको स्मरण गराए। ओलीसँग समन्वय नगरी गठन गरिएको सरकार अवैधानिक र प्रतिगमनतर्फ उन्मुख रहेको दाबी पनि उनले गरे। जेन-जी आन्दोलनका मागहरू उच्चस्तरीय र सम्बोधन गर्न योग्य रहेको उल्लेख गर्दै अधिकारीले ती माग पूरा हुनुपर्नेमा एमालेको सहमति रहेको बताए । यद्यपि आन्दोलनका क्रममा भएका हिंसात्मक घटनाप्रति आपत्ति जनाउँदै उनले ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली व्यक्त गरे भने घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरे ।

आन्दोलनको नाममा तोडफोड र अराजकता मच्चाउनेहरूलाई कडा कारबाही गर्न उनले सरकारसँग माग गरे ।

देशको सुरक्षा व्यवस्थाबारे बोल्दै अधिकारीले मनमोहन अधिकारीदेखिकेपीशर्माओलीसम्म कम्युनिस्ट प्रधानमन्त्रीको नेतृत्वमा सरकार बने पनि स्पष्ट सुरक्षा नीति नबन्दा समस्या देखिएको बताए । "सुरक्षाका चारै निकाय अहिले मात्र होइन, पहिलेदेखि नै कमजोर बनाइँदै आएको छ," उनले भने । राष्ट्रिय अनुसन्धान विभागलाई अनुसन्धानमै केन्द्रित हुने गरी स्रोत-साधन उपलब्ध गराउनुपर्नेमा जोड दिँदै उनले सुरक्षा संयन्त्रलाई व्यावसायिक, सक्षम र अनुसन्धानमुखी बनाउन ढिलाइ गर्न नहुने बताए ।

## प्रधानमन्त्री कार्कीसँग रास्वपा सभापति लामिछानेको भेट

**रासस**
काठमाडौं, ६ पुस



प्रधानमन्त्री सुशीला कार्कीसँग राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले भेटवार्ता गर्नुभएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा आज भएको भेटमा उहाँहरूबीच चुनाव केन्द्रित विषयमा छलफल भएको भेटमा सहभागी सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिनुभयो । भेटपछि सञ्चारकर्मीलाई जानकारी दिँदै उहाँले रास्वपाका सभापति लामिछानेसहित पदाधिकारीहरुसँग सकारात्मक वार्ता भएको बताउनुभयो । सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री खरेलले भन्नुभयो, "खास गरेर आजको वार्तामा चुनाव केन्द्रित कुराकानी भयो । चुनावलाई कसरी स्वतन्त्र निष्पक्ष र धाँदलीरहित ढङ्गबाट निर्धारित मितिमै गर्न सकिन्छ भन्ने कुराहरुमा विशेष छलफल भयो र त्यसमा हामीले सरकारको तर्फबाट गरिरहेको तयारी, निर्वाचन आयोगले गरिरहेको काम, सुरक्षा निकायको अवस्था यी सबैका विषयमा उहाँहरुलाई जानकारी गरायौँ ।" रास्वपाका सभापति लामिछानेलगायत पदाधिकारीले चुनाव आगामी फागुन २१ मै हुनुपर्ने, चुनाव निष्पक्ष स्वतन्त्र र धाँदलीरहित हुनुपर्ने तथा चुनावमा रास्वपाले भाग लिने बारेमा स्पष्ट रुपमा कुरा राख्नुभएको मन्त्री खरेलले बताउनुभयो ।

## निर्वाचनको तयारी लाग्न प्रधानमन्त्री आग्रह

**रासस**
पोखरा, ६ पुस

प्रधानमन्त्री सुशीला कार्कीले मुलुकमा शान्ति र स्थिरताका लागि प्रतिनिधिसभाको निर्वाचन तोकिएकै समयमा हुनुपर्ने बताउनुभएको छ।

प्रधानमन्त्री कार्कीले इलाम क्षेत्र नं २ का निवर्तमान सांसद सुहाङ नेम्बाङ नेतृत्वको प्रतिनिधिमण्डलसँग सिंहदरबारमा आइतबार भएको भेटमा यो सरकार चुनाव गराउनैका लागि आएकाले अब कुनै दुविधा नराखी चुनावको तयारी गर्न पनि आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "हामी चुनाव गराउनै लागिरहेका छौँ । असामान्य अवस्थामा शान्ति स्थापना र चुनाव गराउनकै लागि आएका हौँ । शान्ति स्थापना र कानुनको शासन बहालीमा सफलता मिलेको छ। अबको हाम्रो लक्ष्य चुनाव गराउने हो । चुनाव भए मात्र मुलुकमा दिगो शान्ति र स्थायित्व सुनिश्चित हुन्छ ।" प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार पूर्वसांसद नेम्बाङले प्रधानमन्त्री कार्कीलाई चुनाव गराउन सफलता मिलोस् भनेर शुभकामना पनि दिनुभयो।

प्रधानमन्त्री कार्कीले यहाँसँग चुनावमा उठ्ने तयारी के छ भनेर पनि जिज्ञासा राख्नुभएको थियो । जवाफमा उहाँले चुनावको तयारी गरिरहेको बताउनुभयो । प्रधानमन्त्री कार्कीले उहाँलाई शुभकामना दिँदै अब युवा नै अघि सर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । प्रधानमन्त्रीले भन्नुभयो, "चुनाव हुन्छ, तयारी अवस्थामा रहनू । तपाईंहरूजस्तो युवा आउनुपर्छ र देशको बागडोर सम्हाल्नुपर्छ। अनि मात्र देशमा केही हुन्छ । बाँसको कलमले अक्षर लेख्न सिकेकाहरूले स्मार्टफोनसँगै जन्मिएकाहरूमाथि शासन गरेर हुँदैन । पुरानाको अनुभव र सल्लाह काम लाग्ला तर चालक सिटमा युवा नै आउनुपर्छ। देश युवाले नै हाँक्नुपर्छ । युवामा साहस र ऊर्जा छ ।" पूर्वसांसद नेम्बाङले इलाममा बाढीपहिरोका कारण क्षतिग्रस्त राजमार्ग र पुल पुनर्निर्माणमा तदारुकता देखाउनुपर्ने भन्दै प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो । प्रधानमन्त्री कार्कीले हालै भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङ स्थलगत अवलोकन गरी फर्किएको र यस विषयमा सरकार गम्भीर रहेको जानकारी दिनुभयो।

## कांग्रेसले संसदीय निर्वाचनमा भाग लिन तयारी सुरु गरेकोछ: नेता डा कोइराला

**रासस**
काठमाडौं, ६ पुस

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले आगामी फागुन २१ गते हुने संसदीय निर्वाचनमा भाग लिन पार्टीले तयारी सुरु गरेको बताउनुभएको छ।

'नेपाली कांग्रेस र नेपालको यात्रा, 'हिजो, आज, भोलि' चुनौती अवसर र सम्भावना'बारे युवासँग संवाद विषयक आज विराटनगरमा आयोजित अन्तर्क्रिया कार्यक्रममा नेता डा कोइरालाले आगामी निर्वाचनमा सक्रिय रुपमा सहभागी हुन केन्द्रीय समितिले निर्णय गरिसकेको जानकारी दिनुभयो।

नेता डा कोइरालाले सरकारले भयरहित निर्वाचनको वातावरण बनाउन शान्ति सुरक्षा, जघन्य अपराध गरेका पाँच हजार फरार कैदी पक्राउ एवं लुटिएका हातहतियार बरामद गरी प्रहरीको मनोवल उठाउने कार्य गर्नुपर्ने सुझाव दिनुभयो। उहाँले भन्नुभयो, "वर्तमान अवस्थामा निर्वाचनबाहेक अर्को कुनै विकल्प नभएकाले तोकिएको समयमा सम्पन्न गर्न सरकारले आफ्नो कार्य गर्नुपर्छ।"

सम्पूर्ण राजनीतिक दलका युवापुस्तालाई स्थानीय निकायमा ४०, प्रदेशमा ३० र सङ्घमा २० प्रतिशत प्रतिनिधित्व गराएमा मुलुकमा सुशासन, भ्रष्टाचार नियन्त्रण, पारदर्शीता र जवाफदेहिता कायम हुनसक्ने उहाँको भनाइ थियो । नेता डा कोइरालाले सामुदायिक विद्यालयको शिक्षालाई अब्बल बनाउन शिक्षकलाई राजनीतिबाट टाढा राख्नुपर्ने धारणा राख्नुभयो। उहाँले विगतको सरकारले बजेट वितरणमा भेदभावका कारण विराटनगर महानगरपालिका अन्यभन्दा पछाडि परेको आरोप लगाउनुभयो।

## पोखरामा सुन्तला महोत्सव हुने



**पोखरापत्र संवाददाता**
पोखरा, ६ पुस

पोखरा महानगरपालिका वडा नम्बर २१ को आयोजनामा पोखरामा यही पुष १० गते सुन्तला महोत्सव हुने भएको छ।

पोखरा महानगरपालिका वडा नम्बर २१ कृस्ती दोपरे हर्राबोट क्षेत्रमा सुन्तला महोत्सव हुन लागेको पोखरा २१ का वडा अध्यक्ष दीपक प्रसाद सुवेदीले बताउनुभयो । वडास्तरीय कृषि सञ्जालको समन्वय र पोखरा महानगरपालिका आर्थिक विकास महाशाखाको संयोजनमा हुन लागेको उक्त महोत्सवमा विभिन्न प्रतियोगिता तथा विविध सांस्कृतिक कार्यक्रम समेत आयोजना हुने भएको छ । महोत्सवको उद्घाटन पूर्व अवसरमा झ्याँकी सहितको र्‍याली हुने भएको छ भने त्यसैगरी सुन्तला ग्रेडिङ गर्ने सुन्तला खाने प्रतियोगिता र बढी सुन्ताला उत्पादन गर्ने कृषकलाई सम्मान गरिने भएको अध्यक्ष सुवेदीले जनाउनु भयो । पोखराको सुन्तलाको पकेट क्षेत्र मानिएको पोखरा २१ कृषि क्षेत्रको सुन्तलाको प्रवर्द्धन गर्न पहिलो पटक सुन्तला महोत्सव हुने तयारी भएको पोखरा महानगरपालिकाका आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरियाले बताउनु भयो । पोखरामा उत्पादन हुने सुन्तला मध्ये करिब ५०% जसो सुन्तला उत्पादन हुने पकड क्षेत्र कृषि भएको उहाँले दाबी गर्नुभयो। सुन्तला महोत्सवमा सुन्तलाको पहाड बनाउने साथै स्थानीय स्तरमा उत्पादन भएका फलफुल तरकारी महको समेत बिक्री वितरण र प्रदर्शन हुने भएको छ। सुन्तलाको पहाड बनाई ग्रेडिङ गर्ने र ग्रेडिङ गरेका सुन्तला प्रति केजी १०० रुपैयाँमा बिक्री हुने तयारी गरिएको समेत कडरियाले जनाउनुभयो । पोखरा २१ कृषि क्षेत्रमा करिब १ हजार ५ सय देखि २ हजार टन सुन्तला उत्पादन हुने गरेको उहाँले उल्लेख गर्नुभयो।


**चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।**

जाडो तथा चिसोको समयमा:

- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन्।
- बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन्।
- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं।
- शारीरिक व्यायाम गरौं, धुम्रपान/मद्यपान नगरौं।
- घर तथा कोठा न्यानो बनाऔं।
- नियमित घाम ताप्ने गरौं।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# राष्ट्रिय लिगमा सहभागी हुन लागेको पोखराको लालीगुराँस एसोसिएसन क्लवले सहयोग आव्हान

पोखरापत्र संवाददाता
पोखरा, ६ पुस

नेपाली फुटबलको इतिहासमा पहिलो पटक कास्की सहित गण्डकी प्रदेशबाट पहिलो पटक प्रतिष्ठित प्रतियोगिता राष्ट्रिय लिगमा पोखराको लाली गुराँस (एलजी) एसोसियसन क्लब सहभागी हुन लागेको छ।

यही पुष २५ गतेबाट हुने उक्त प्रतियोगितामा एलजी एसोसियसनले ३ विदेशी खेलाडी सहितको टिम तयारी गरी उक्त प्रतियोगितामा सहभागि हुनको लागि करिब एक करोड रुपैया आर्थिक व्यभार हुने हुँदा उक्त रकम जोहो गर्न क्लवबे सरोकारवाला निकायसंग आइतबार पोखरामा पत्रकार सम्मेलन गर्दै आव्हान गरेको हो।

एन्फा प्रेसिडेण्ट कप सम्मको यात्रामा आउदा क्लवले सहयोगी, शुभेच्छुक तथा केही ऋण समेत प्रयोग गरी करिब ५० लाख रुपैयाँ भन्दा बढी खर्च गरेको संस्थाका अध्यक्ष डम्बरजंग गुरुङले बताउनु भयो। राष्ट्रिय लिगमा भने एक करोड खर्च हुने उक्त रकम कहाँ र कसरी व्यबस्थापन गर्ने बिषयमा अन्यौलमा परेको पत्रकार सम्मेलनमा उहाँले गुनासो गर्नुभयो। यो यात्रा केवल संस्थाको मात्र नभई गण्डकी प्रदेशको पहिचान, सम्भावना र फुटबल संस्कृतिको प्रतिनिधित्व भएको उहाँले जनाउनुभयो। कास्की जिल्ला लिग, प्रदेश लिग विजेता हुँदै हेटौंडाको गौरीटार रंगशालामा सम्पन्न प्रेसिडेण्ट कपको उपाधि जितेर राष्ट्रिय लिगमा प्रवेश गर्न सफल भएको क्लवले अब राष्ट्रिय लिगमा सहभागि हुँदा पदाधिकारीहरुको ठुलो ऋण भार हुने सहभागि नहुदा फेरी अखिल नेपाल फुटवल संघले कार्वाही गर्ला भन्ने डरले उक्त बजेटको जोहो गर्नु आफुहरुको पहिलो आवश्यकता भएको महासचिव ईश्वर बस्यालले बताउनु भयो।

पोखरा-१२, कार्यालय रहेको लालीगुराँस एसोसिएसन क्लव २०६९ सालदेखि सामाजिक उत्तरदायित्व सहित फुटबल विकासमा सक्रिय रहँदै आएको क्लब हो। सीमित स्रोत-साधनका बाबजुद अनुशासन, निरन्तर मेहनत र प्रतिबद्धताका साथ क्लबले राष्ट्रिय मञ्चमा स्थान सुरक्षित गर्नु कास्की, पोखरा र समग्र गण्डकी प्रदेशका लागि ऐतिहासिक उपलब्धि भएको क्लवले जनाएको छ। कार्यक्रममा एन्फा कास्कीका अध्यक्ष उज्ज्वल रन्जितले राष्ट्रिय लिगमा सहभागी हुने लालीगुराँस एसोसिएसन संस्थालाई १ लाख रुपैयाँ सहयोग गर्ने घोषणा गर्दै बधाई दिनुभयो। उहाँले उत्कृष्ट खेल प्रदर्शनको अपेक्षा गर्दै आगामी दिनमा पनि आवश्यक साथ-सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

त्यस्तै, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मिलन गुरुङले लालीगुराँस एसोसिएसनले यस क्षेत्रको फुटबल इतिहासमा नयाँ कीर्तिमान कायम गरेको बताउँदै आवश्यक सहयोगकालागि आफू प्रतिबद्ध रहेको जनाउनुभयो। उहाँले प्रदेश सरकार र पोखरा महानगरपालिकाबाट समेत आर्थिक सहयोग जुटाउन समन्वय भइरहेको जानकारी दिनुभयो। क्लबका महासचिव ईश्वर बस्यालले क्लबमा आबद्ध खेलाडीहरूले एक सिजनमा न्यूनतम १ लाखदेखि २ लाख रुपैयाँसम्म पारिश्रमिक पाउने व्यवस्था रहेको जानकारी दिनुभयो। साथै, राष्ट्रिय खेलाडी तथा लालीगुराँस फुटबल एकेडेमी एवं पोखरा क्षेत्रका विभिन्न क्लबहरूबाट उत्पादन भएका स्थानीय खेलाडीहरूलाई समेटेर टिम निर्माण गरिएको उहाँले बताउनुभयो। नेपाली फुटबल हाल आर्थिक, व्यवस्थापकीय र संरचनागत चुनौतीबाट गुज्रिरहेको सन्दर्भ उल्लेख गर्दै क्लबले स्थानीय व्यवसायी, उद्योगी, प्रवासी नेपाली, खेलप्रेमी तथा कर्पोरेट क्षेत्रसँग आर्थिक, नैतिक र संस्थागत सहयोगका लागि हार्दिक अपिल समेत गरेको छ। साथै, अखिल नेपाल फुटबल संघ (एन्फा), नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद् तथा प्रदेश सरकारलाई राष्ट्रिय लिगलाई प्राथमिकतामा राखी खेलाडीको आर्थिक सुरक्षा, क्लबहरूको दिगोपन, पारदर्शी व्यवस्थापन र दीर्घकालीन नीति निर्माणमा विशेष ध्यान दिन क्लबले आग्रह गरेको छ। प्रदेशको गौरव, खेलाडीको भविष्य र नेपाली फुटबलको सम्मान सुरक्षित राख्न राज्य, संघ, निजी क्षेत्र र नागरिक सबैको साझा प्रयास अपरिहार्य रहेको क्लबको निष्कर्ष छ। अखिल नेपाल फुटबल संघ (एन्फा) ले आगामी पुष २५ गतेदेखि सुरु गर्ने भनिएको राष्ट्रिय लिग फुटबलमा १७ क्लबले प्रतिस्पर्धा गर्ने भएका छन्। सुरुमा ए डिभिजनका ६ र एन्फा प्रेसिडेन्ट कपका सेमिफाइनल पुगेका ४ सहित १० क्लबले प्रतिस्पर्धा गर्ने तय थियो। यद्यपी एन्फादेखि युवा तथा खेलकुद मन्त्रालयसम्मको छलफल अनि फुटबल खेलाडी संघको आन्दोलनपछि एन्फाले राष्ट्रिय लिगमा अन्य क्लबका लागि पनि खेल्ने बाटो खुल्ला गरेको थियो।

त्यसमा बाँकी ८ ए डिभिजन क्लबमध्ये ७ क्लबले नाम दर्ता गरेपछि कूल १७ क्लब पुगेको हो। 'राष्ट्रिय लिगमा ए डिभिजनका १३ र प्रेसिडेन्ट कपका ४ गरी १७ क्लबको सहभागिता हुनेछ। हिमालयन शेर्पा क्लबले भने नाम दर्ता गरेको छैन। पछिल्लो पटक २०७९/८० मा भएको शहीद स्मारक ए डिभिजन लिगमा शीर्ष ६ मा रहेका क्लब र एन्फा प्रेसिडेन्ट लिगमा सेमिफाइनलमा पुगेका चार क्लब बाहेक ए डिभिजनका अन्य ७ क्लब पनि थपिएको हो।

# तमु सांस्कृतिक प्रतिष्ठानमा पुनर्मिलन

पोखरापत्र संवाददाता
पोखरा, ६ पुस

तमु सांस्कृतिक प्रतिष्ठान नेपालले रजत जयन्तीको अवसरमा गएको पुस ४ गते, पोखरामा पुनर्मिलन कार्यक्रम सम्पन्न भएको छ।

२०५८ सालमा स्थापना भएको संस्थाले गुरुङ समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्दै आइरहेको छ भने यो संस्था जापानमा गठन भइ नेपालमा गुरुङ समुदाय बीच एक गतिशील सामाजिक संस्थाको रुपमा परिचित छ। २५ बर्षको दौरानमा रहेको यो संस्थाले रजत जयन्तीको अवसर पारेर संस्थाका संस्थापक सदस्यहरू, आजिवन सदस्यहरु, सल्लाहकारहरु, अक्षयकोषदाताहरु एवम् शुभचिन्तकहरुबीच पुनर्मिलन कार्यक्रम आयोजना गरेको हो। लामो समयदेखी भेटघट हुन नसकेका व्यक्तित्वहरु तथा कामको व्यस्तताले रमाइलो माहोलमा आफूलाई समाहित गर्न अवसर नमिलेका व्यक्तिहरुलाई जमघट गराई खुशीर आफ्ना भावनाहरु साट्न पाउँदा असाध्य मन प्रफुल्लित भएको माहोल कार्यक्रममा देख्न सकिन्थ्यो। कार्यक्रममा हिमाली साँस्कृतिक परिवारका कलाकारहरुले सुन्दर नृत्य प्रस्तुत गरेका थिए। गायक राजबहादुर गुरुङ, सङ्गिता गुरुङ, डविन गुरुङ र प्रकाश रानाका सुमधुर आवाजले कार्यक्रममा थप रौनक थपिएको थियो। संस्थाका पूर्व अध्यक्ष चिजकाजी गुरुङ र सदस्य मणिलाल गुरुङद्वारा तयार पारिएको स्थापनाकालदेखि २५ वर्षसम्म भएका संस्थाका गतिविधिहरु समेटिएको डकुमेन्ट्री समेत प्रस्तुत गरिएको यस कार्यक्रममा टेक गुरुङ, धीरबहादुर गुरुङ, पदमशोभा गुरुङ, मनकुमारी गुरुङ र हुमबहादुर गुरुङले आजिवन सदस्यता ग्रहण गर्नुभयो भने दरौं सिरुबारी, हाल युके निवासी सीता गुरुङद्वारा १० हजार १ सय ५ र संस्थाका पूर्व कोषाध्यक्ष भिमकाजी गुरुङ र उहाँकि धर्मपत्नी विष्णु गुरुङद्वारा २० हजार १ सय सयोग समेत प्रदान गरेका थिए। कार्यक्रममा सहयोग र सेवाको भावनाले ओतप्रोत भएका पर्वत राम्जाकोट, हाल पोखरा नयाँ गाउँ निवासी, तमु धीं जापानका संस्थापक अध्यक्ष, वर्तमान प्रमुख सल्लाहकार जीवन गुरुङर परनिता गुरुङले रु. १ लाख २५ हजार रकम बराबरको अक्षयकोष स्थापना गर्नुभएको छ। संस्थाका प्रथम उपाध्यक्ष भेषबहादुर गुरुङको संयोजकत्वमा सम्पन्न यस कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष श्रीजङ गुरुङले गर्नुभएको थियो भने कार्यक्रम संचालन संस्थाका सह-सचीव लोकबहादुर गुरुङ तथा द्वितीय उपाध्यक्ष ओम गुरुङले गर्नुभएको थियो।

# जनप्रियको गरिमा कायम राख्न प्रतिवद्ध छु: अध्यक्ष राजेन्द्र पहारी

पोखरापत्र संवाददाता
पोखरा, ६ पुस



जनप्रिय बहुमुखी क्याम्पसका नवनिर्वाचित अध्यक्ष राजेन्द्र पहारीले क्याम्पसको ऐतिहासिक गरिमालाई कायम राख्दै शैक्षिक गुणस्तरमा कुनै सम्झौता नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

आइतबार क्याम्पस परिसरमा आयोजित पदस्थापना तथा शपथ ग्रहण समारोहमा बोल्दै अध्यक्ष पहारीले विश्वविद्यालय अनुदान आयोगबाट क्याम्पसले प्राप्त गर्ने गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको तेस्रो चक्रको प्रमाणपत्र हासिल गर्न आफूले कुनै कसर बाँकी नराख्ने उद्घोष गरे। पद तथा गोपनीयताको शपथ लिँदै अध्यक्ष पहारीले आफ्नो तीनवर्षे कार्यकाल (२०८२-२०८५) को मार्गचित्र प्रस्तुत गरे। उनले गण्डकी प्रदेश सरकारसँग प्रभावकारी समन्वय गरी सर्वसुलभ शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने र श्रमबजारको मागअनुरूप दक्ष जनशक्ति उत्पादन गर्ने कुरालाई आफ्नो बटमलाइन बनाएका छन्। 'मेरो नेतृत्व क्याम्पसको समृद्धि, संस्थागत सुशासन र शैक्षिक उत्कृष्टतामा केन्द्रित हुनेछ,' अध्यक्ष पहारीले भने, 'हामी सबै पक्षलाई समेटेर, सबैसँग हातेमालो गर्दै जनप्रियलाई नाम जस्तै साँच्चिकै 'जनप्रिय' बनाउन समर्पित हुनेछौं।' उनले क्याम्पसको नेतृत्व गर्दा 'म' भन्दा माथि उठेर 'हामी' भन्ने सामुदायिक भावनाको विकास गर्ने विश्वास दिलाए। क्याम्पसको ३४औँ वार्षिकोत्सवका अवसरमा सम्पन्न २७ औँ वार्षिक साधारणसभा तथा १०औँ अधिवेशनबाट निर्वाचित अध्यक्षसहित ११ जना सदस्यहरूले आइतबार पद तथा गोपनीयताको शपथ लिएका छन्। निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता बोधराज बरालले नवनिर्वाचित पदाधिकारीहरूलाई शपथ ग्रहण गराउँदै प्रमाणपत्र प्रदान गरेका थिए। शपथ लिने सदस्यहरूमा गणेशबहादुर अधिकारी, नम्रता बराल, तिलकराम पौडेल, गिरिराज चालिसे, विश्वकुमार विजुक्छे, पदमबन्धु पोखरेल, लक्ष्मीप्रसाद पौडेल, इन्द्रप्रसाद पौडेल, इन्जिनियर शारदामोहन काफ्ले, राधिका रेग्मी सिग्देल र हेमबहादुर थापा पराजुली रहेका छन्। २५ सदस्यीय सञ्चालक समितिमा निर्वाचित बाहेकका सदस्यहरू मनोनयन र पदेन रहने व्यवस्था छ। पदस्थापना समारोहमा क्याम्पसका अग्रज तथा सरोकारवालाहरूले शैक्षिक संस्थालाई राजनीतिबाट मुक्त राख्नुपर्नेमा विशेष जोड दिएका थिए। संस्थापक उपाध्यक्ष हरिप्रसाद बराल, सल्लाहकार तथा पूर्वअध्यक्ष दामोदर चालिसे, पूर्व कार्यवाहक अध्यक्ष परशुराम बराल, र निवर्तमान अध्यक्ष वीरेन्द्रनारायण विजुक्छे लगायतले नवनिर्वाचित समितिलाई बधाई दिँदै क्याम्पसलाई केन्द्रविन्दुमा राखेर काम गर्न सुझाव दिए।

वक्ताहरूले भने, 'राजनीतिक विचारधारा र आस्थालाई क्याम्पसको गेट बाहिरै राखेर भित्र केवल नतिजामुखी काममा केन्द्रित हुनुपर्छ। सामुदायिक भावना र क्रियाशीलताले मात्र जनप्रियको साख जोगिनेछ।' सो अवसरमा पब्लिक क्याम्पस प्राध्यापक संघ जनप्रिय एकाइका अध्यक्ष विकास थापामगरले पनि शैक्षिक गुणस्तरमा नयाँ समितिले विशेष ध्यान दिनुपर्ने बताए। कार्यक्रममा निवर्तमान अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले नवनिर्वाचित अध्यक्ष र सदस्यहरूलाई खादा ओढाएर स्वागत गरेका थिए भने क्याम्पस प्रमुख कृष्णबाबु बरालले अबिर लगाएर बधाई ज्ञापन गरेका थिए। निर्वाचन समितिका संयोजक अधिवक्ता बोधराज बरालको अध्यक्षतामा सम्पन्न उक्त समारोहको सञ्चालन निर्वाचन समिति सदस्य चेतबहादुर पोखरेलले गरेको क्याम्पसका उपप्रशासक एकनारायण अर्यालले जानकारी दिए।

# भद्रकाली माविलाई सत्य युवा क्लव बि १३ को सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ६ पुस




पोखरा महानगरपालिका-१३ स्थित भद्रकाली माध्यमिक विद्यालयलाई सत्य युवा क्लव बि १३ले आइतवार भौतिक तथा शैक्षिक सामग्री सहयोग गरेको छ। सामाजिक उत्तरदायित्व अन्तर्गत समितिले आइतबार विद्यालयलाई एक लाख ५३ हजार रुपैयाँ बराबरका सामग्री हस्तान्तरण गरेको हो।

विद्यालय परिसरमा आयोजित एक औपचारिक कार्यक्रमका बीच समितिले ५ सिटे सोफा सेट १ थान, प्लास्टिकका कुर्सी ७० थान, मेटलका कुर्सी १० थान तथा अफिस टेबल र कुर्सी १/१ थान प्रदान गरेको छ। उक्त सामग्रीहरू समितिका अध्यक्ष हितमान गुरुङ, उपाध्यक्ष रोशन गुरुङ र सचिव महेश आचार्यलगायतका सदस्यहरूले संयुक्त रूपमा विद्यालयका प्रधानाध्यापक यदुराज पगेनीलाई हस्तान्तरण गरेका हुन्। सामग्री हस्तान्तरण कार्यक्रममा बोल्दै समितिका अध्यक्ष हितमान गुरुङले शिक्षा क्षेत्रको विकासमा समुदायको भूमिका महत्वपूर्ण हुने बताए। उनले यस वर्ष आयोजना गरिएको 'म्युजिकल फेस्ट-२०२५' बाट बचत भएको रकम विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सहयोग गर्न पाउँदा खुसी लागेको भने। अध्यक्ष गुरुङले आगामी दिनमा पनि विद्यालयसँग सहकार्य गर्दै सामाजिक सेवामा निरन्तर लाग्ने प्रतिबद्धता व्यक्त गरे। त्यसैगरी समितिका उपाध्यक्ष रोशन गुरुङ र सचिव महेश आचार्यले शिक्षा नै समाजको दिगो विकासको आधार भएको भन्दै विद्यालयलाई आवश्यक सहयोग गर्नु समितिको मुख्य उद्देश्य रहेको प्रष्ट पारे। सहयोग ग्रहण गर्दै विद्यालयका प्रधानाध्यापक यदुराज पगेनीले सत्य युवा क्लव बि १३ प्रति हार्दिक आभार व्यक्त गरे। प्राप्त सहयोगले विद्यालयको शैक्षिक तथा प्रशासनिक गतिविधि सञ्चालनमा सहजता थपिने बताउँदै उनले समितिको यो कार्य प्रशंसनीय र उदाहरणीय रहेको उल्लेख गरे। प्रधानाध्यापक पगेनीले विद्यालय र समुदायबीचको सहकार्यले मात्र गुणस्तरीय शिक्षा सम्भव हुने भन्दै भविष्यमा पनि यस्तै सकारात्मक सहयोगको अपेक्षा राखको विद्यालयका अतिरिक्त क्रियाकलाप प्रमुख मिनबहादुर साउदले पोखरापत्रलाई वताए। सोही दिन विद्यालयमा वार्षिक खेलकुद २०८२ कार्यक्रम शुरु भएको छ।

वार्षिक खेलकुदमा फुटबल, भलिबल, बास्केटबल, म्याराथन, टेबल टेनीस, टक अफ वार लगायतका कार्यक्रममा समावेश गरिएको छ। पहिलो दिन बास्केटबल, भलिवल खेलहरु सुरु भएका छन्।

# गोल्डेन ट्र्यांगल बाइक टूर टोली पोखरामा, टेवानले गऱ्यो स्वागत

पोखरापत्र संवाददाता
पोखरा, ६ पुस

गोल्डेन ट्र्यांगल अन्तर्राष्ट्रिय बाइक टूर टोली पोखरा आइपुगेको छ। काठमाडौं, चितवन हुँदै पोखरा आइपुगेको टोलीलाई शनिबार पर्यटन व्यवसायी महिला संघ नेपाल (टेवान) ले स्वागत गरेको छ।

एक्सपल्स राइडर नेपाल क्लबद्वारा पर्यटन प्रवर्द्धनको लागि आयोजित बाइक टूरमा १२ जना सहभागी छन्। उक्त टोलीसँग टेवानले पोखराको पर्यटन प्रवर्द्धन सम्बन्धमा अन्तरक्रिया समेत गरेको छ। क्लबका अध्यक्ष कुन्दन श्रेष्ठका अनुसार पहिलो दिन काठमाडौंबाट हिँडेको टोली शुक्रबार चितवनको सौराहामा बास बसेको थियो।

सौराहाबाट शनिबार पोखरा आएको टोली आइतबार लमजुङको घलेगाउँ पुगेको छ। काठमाडौं, चितवन र पोखरालाई 'गोल्डेन ट्र्यांगल' मानेर पर्यटन बोर्डको समेत सहयोगमा क्लबले बाइक टूर आयोजना गरेको हो। उक्त टूरका क्रममा यी सहरसहित नजिकका पर्यटकीय गन्तव्यको प्रवर्द्धन गरिने उनले बताए। 'विश्व पर्यटन दिवसका अवसरमा सेप्टेम्बर २७ मै बाइक टूर गर्ने योजना जेन-जी आन्दोलनका कारण धकेलियो,' उनले भने, 'कोरोना महामारीपछि ध्वस्त भएको पर्यटन क्षेत्रलाई टेवा पुऱ्याउन आन्तरिक पर्यटन प्रवर्द्धनमा बाइक टूरले भूमिका खेल्नेछ।' उक्त टोलीले चितवनमा जिप सफारी, डुंगा सयर र दृश्यावलोकन गरी कुमाल होमस्टेमा अन्तरक्रियामा सहभागी भएको थियो। आइतबार पोखराका विभिन्न पर्यटकीय गन्तव्यको भ्रमण गरी घले गाउँका लागि निस्किएको हो। यसअघि सन् २०१९ मा क्लबको आयोजनामा एक सयजना बाइक राइडरले ७७ वटै जिल्लाको भ्रमण गरेका थिए। क्लबकै माध्यमबाट बंगलादेशका राइडर नेपाल आएर मुस्ताङसम्म पुगेका थिए। पर्यटन बोर्डको सहयोग र राइडर स्वयंको खर्चमा बाइक टूर आयोजना गरिएको अध्यक्ष श्रेष्ठले बताए। अन्तरक्रियामा पोखरा महानगरका आर्थिक महाशाखा प्रमुख मनहर कडरियाले बाइक टूरले पर्यटन प्रवर्द्धनमा सकारात्मक सन्देश दिने र पर्यटन क्षेत्रलाई चलायमान बनाउने बताए। 'पोखरा भ्रमण वर्ष २०२५ लाई सफल बनाउन यस्ता गतिविधिले सहयोग पुग्नेछ,' उनले भने। पोखरा पर्यटन परिषद्का उपाध्यक्ष चौबहादुर गुरुङले यो यात्राले नेपाल र पोखरालाई अन्तर्राष्ट्रिय रुपमा चिनाउन महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा व्यक्त गरे।

टेवानकी निवर्तमान अध्यक्ष एवं टूरकी सल्लाहकार कमला गिरीले टूरलाई निरन्तरता पाउँदा पोखराको पर्यटन प्रवर्द्धनमा टेवा पुगेको बताइन्। टेवान अध्यक्ष शोभा पाण्डेले नेपालको पर्यटनलाई विश्वसामु परिचित गराउन यस्तो कार्यक्रमले सहयोग पुऱ्याउने बताइन्। 'सबै मौसमका लागि पोखरा उपयुक्त छ भन्ने यो टूरले पनि प्रमाणित गरेको छ,' उनले भनिन्, 'आन्तरिकसँग बाह्य पर्यटन प्रवर्द्धन गर्न टूरले खेलेको भूमिका प्रशंसनीय छ।' टेवान महासचिव शोभा अधिकारी पौडेलले बाइक टूर टोलीलाई पोखरामा स्वागत गर्न पाउँदा खुसी व्यक्त गरिन्। सोमबार घले गाउँबाट उक्त टोली काठमाडौं फर्किनेछ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिलावाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ । – अज्ञात

## सम्पादकीय

# सरकार विरुद्ध जेनजी नै आन्दोलनमा

अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारको १०० दिन पूरा भएको दिन विभिन्न जेनजी समूहले आन्दोलनको घोषणा गरेका छन । आफैँले बनाएको सरकारले जेनजीका माग मुद्दाहरू ‘अपहरण’ गरेको भन्दै विभिन्न जेनजी समूहहरूले प्रधानमन्त्रीको १०० दिन पुगेकै दिन आन्दोलनको घोषणा गरेका छन् । प्रधानमन्त्री कार्की नेतृत्वको सरकारको १०० दिनको कामले नै असफल भएको निष्कर्ष निकालिएको छ । गरिखान देउ, जेनजी मुभमेन्ट नेपाल, जेनजी नेसनल फ्रन्ट, जेनजी स्पार्क, एन-टेक जेनजी, जेनजी पार्लियामेन्ट, जीबीबी समूह, जेवाईएन समूह, जेनजी युनाइटेड, स्वतन्त्र जेनजी नेपाल, डिजिटल टास्कफोर्स जेनजी समूहले प्रधानमन्त्रीको राजीनामा माग गर्दै आएका छन् । त्यस्तै, प्रधानमन्त्रीको राजीनामा माग्नेमा अल-नेसन जेनजी, जेनजी एकता मञ्च, समता जेनजी पनि छन् । विभिन्न ३० भन्दा बढी जेनजी समूहको संयोजकमा मिराज ढुंगाना तोकिएका छन् । ढुंगाना गरिखान देउ अभियानका संयोजक हुन् । “सरकार ‘हाइज्याक’ भएको छ । सरकार अपहरण भएको छ । सोमबारदेखि सुरु हुने हाम्रो आन्दोलन जेनजीका माग पूरा नगरी सरकारले गरेको चुनावी प्रवृत्तिका विरुद्धमा हो ।

आन्दोनलको अग्रपंक्तिमा ढुङ्गाना खट्ने वाचा गरेका छन।भदौ २३ को आन्दोलनमा सडकमा निस्केका थिएनन् । वर्तमान सरकारले भदौ २३ र २४ गतेको आन्दोलनको मर्म नबोकेको उनको भनाइ छ । “सुशीला कार्की नेतृत्वको वर्तमान सरकारले आन्दोलनको मर्म बोक्दैन, हाम्रो नेतृत्व गर्दैन । त्यसैले अब सर्वपक्षीय सरकार गठन होस् । ०८४ को चुनाव ०८२ मा सार्नका लागि आन्दोलन भएको थिएनभन्ने धेरैजसो जेनजी भेटिन्छन् । राजावादी जेनजी समूह जेनजी मुभमेन्ट नेपालका अगुवा रविकिरण हमालले विद्रोहका मूल मुद्दा संविधानमा संस्थागत गर्नका लागि फरक-फरक समूह संगठित भएको वताएका छन। राजावादीले दावी गरेजस्तो हुन नसकेपछि राजिनामा माग्नु अपरिपक्व कदम हो । प्रधानमन्त्री कार्कीको गिरोहले जेनजी विद्रोहलाई अपहरण गर्दै जनताको बलिदानमाथि टेक्दै सत्ता कब्जा गर्ने दुस्साहस गरेको आरोप उनीहरुको छ । “भदौ २४ गते देश जल्यो । त्यसदिन हालका प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा देश जलेको छ । सीमित नक्कली जेनजीलाई साथमा लिएर वास्तविक जेनजीको आन्दोलन हाइज्याक भएको छ । त्यसैले अब राजीनामा दिएर सिंहदरबार खाली गर्नुपर्छ राजावादी जेनजी समाधान हो ।

संविधान पुनर्लेखन गर्नुपर्ने, आफ्ना मागहरू राखेकै भरमा धरपकट र पक्राउ गरी विभिन्न बहानामा चलाइएको मुद्दा खारेज गरी पक्राउ परेकाहरूलाई तत्काल रिहाइ गर्नुपर्ने माग जेनजीले उठाएका छन् । त्यस्तै, जेनजी जनआन्दोलनमा भएको मानवअधिकार उल्लंघन, घातक दमन र निहत्था युवाहरूको हत्यामा संलग्नमाथि निष्पक्ष छानबिन गरी कानुनी कारबाही गर्नुपर्ने, जेनजी जनआन्दोलनका घाइतेहरूको उचित उपचार, क्षतिपूर्ति, भरणपोषण गर्ने माग छन् ।हालसम्मका सबै तह र निकायमा भएका भ्रष्टाचारको स्वतन्त्र र निष्पक्ष छानबिनको लागि शक्तिशाली भ्रष्टाचार निर्मुल आयोग गठन गरी दोषीमाथि कानुनी कारबाही गर्नुपर्ने, न्यायलयको विश्वसनियतालाई मजबुद बनाउन सबै न्यायलयका फैसलाहरूको प्रत्यक्ष प्रसारण हुने व्यवस्था गर्ने मागहरू यी जेनजी समूहका छन् ।

जेनजी आन्दोलनका घाइते रुपिन खड्काले आफूहरूको रगतमाथि सडकले होली खेलेको बताए । “म जेनजी घाइते हुँ । मैले त्यसै आठवटा गोली खाएको छैन । सरकारले हाम्रो रगतमाथि होली खलेको छ । हाम्रा कुनै पनि मागहरू पूरा भएनन् । चुनाव मात्रै गराएर देशमा के परिवर्तन आउँछ ?,” उनले प्रश्न गरे । सरकार र जेनजी समूहबीच भएको सहमतिमा पनि असन्तुष्टि जनाइएको छ । जेनजी मुभमेन्ट अलायन्स (अमित खनाल), द काउन्सिल अफ जेनजी (सुधन गुरुङ समूह) र जेनजी फ्रन्ट (रक्षा बम समूह)ले गएको कात्तिक २८ गते प्रधानमन्त्री कार्कीलाई फरक-फरक समूहबाट नौबुँदे मस्यौदा बुझाएका थिए । सो मस्यौदामा गत मंसिर २४ गते सरकार र यी जेनजी समूहबीच सहमति भएको थियो । सहमतिकै बीच असन्तुष्ट समूहले प्रधानमन्त्री कार्यालयभित्रै विरोध गरेका थिए । जेनजी मुकेश शाहले राष्ट्रपतिले नै हस्ताक्षर नगरेको सम्झौताको कुनै औचित्य नहुने बताए । “जेनजीको आन्दोलनलाई हाइज्याक गरेर सीमित समूहको हालीमुहालीमा सम्झौता ञञगरियो । त्यसैमाथि राष्ट्रपतिले हस्ताक्षर नै गरेका छैनन् । त्यसैले सहिद र घाइते युवाहरूको आवाज लिएर भोलिदेखि सडकमा जाँदैछन । सरकारले केही जेनजीहरूसँग ‘ललीपप’ सम्झौता गरेको भन्दै मिराज समूहले प्रधानमन्त्रीविरुद्ध बालुवाटार र सिंहदरबारसम्म प्रदर्शन गर्दै आएको थियो ।

सुधन समूहले प्रधानमन्त्रीको समर्थन र गृहमन्त्रीको विरुद्धमा लागिरहेको छ । सुधनले आजमात्रै सामाजिक सञ्जाल फेसबुकमा गृहमन्त्रीको फोन नम्बर सार्वजनिक गर्दै जेनजी आन्दोलनपछि पक्राउ परेका प्रदर्शनकारीहरूको रिहाइको माग गरेका छन् । जेनजी अगुवा हमालका अनुसार, संयुक्त रूपमा हुने भनिएको जेनजी आन्दोलनको अनुमति प्रशासनबाट लिइनेछैन । “भदौ २३ मा हाम्रा साथीहरूले रगतको खोला बगाए । त्यतिबेला त हामीलाई केही डर थिएन । भोलिदेखि हुने आन्दोलनको असफल भइसकेको सरकार र प्रशासनबाट कुनै अनुमति लिँदैनौँ । स्वतः स्फुर्तरूपमा सडकमा आउँछौँ । गिरफ्तार हुने कुनै डर छैन,” हमालले भनेका छन । जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले हालसम्म कुनै पनि समूहले प्रदर्शनका लागि अनुमति लिएका छैनन् । “अहिलेसम्म कुनै पनि समूहले अनुमति लिएको छैन । प्रदर्शनबारे पनि जानकारी छैन । जेनजी समूहको विरोध प्रदर्शन पुस ७ बिहान ११ बजेदेखि माइतीघरमा हुने भनिएको छ । आन्दोलनमा घुसपैठ हुने र कसैले परिचालित गरेको आरोपबाट मुक्ति पाउन पनि “हामी कोही कसैबाट पनि परिचालित भएका छैनौं भन्ने अवस्था आउनु उनीहरूको व्यवहारले हो ।

# कुमार नगरकोटीको सांगीतिक काव्य सन्ध्या ‘यदाकदा’

**पोखरापत्र संवाददाता**
पोखरा, ६ पुस

नेपाली साहित्यका प्रख्यात एवम् प्रयोगधर्मी साहित्यकार कुमार नगरकोटीको कविता र सङ्गीतको विशेष जुगलबन्दी ‘यदाकदाः साङ्गीतिक काव्य सन्ध्या’ आगामी पुस १० गते बिहीबार राजधानीको राष्ट्रिय सभागृहमा आयोजना हुने भएको छ ।

कम्युनिकेट टेक्नोलोजी प्रालिको आयोजनामा हुने यस कार्यक्रममा नगरकोटीले आफ्ना चर्चित एवम् नवीनतम् सिर्जनाहरू वाचन गर्नेछन् भने उनलाई युवा सङ्गीतकार अनुप तिमिल्सिनाले साङ्गीतिक साथ दिनेछन् ।

बिहीबार साँझ ५:०० देखि ७:३० बजेसम्म सञ्चालन हुने यस कार्यक्रममा नगरकोटीले कवितालाई केवल शब्दोच्चारणको रूपमा मात्र नभई एउटा जीवन्त प्रदर्शनका रूपमा प्रस्तुत गर्नेछन् । नगरकोटियन शैलीको ‘लक्जरी लुक’ र विशिष्ट शब्द शिल्पलाई केन्द्रमा राखेर तयार पारिएको यस साँझमा सङ्गीत केवल पृष्ठभूमिमा नभई कवितासँगै सहसंवादका रूपमा बग्ने आयोजकले जनाएको छ । कार्यक्रमका परिकल्पनाकार राजन गोदारले व्यस्त जीवनको रुटिनबाट थाकेका मानिसहरूका लागि यो कार्यक्रम एउटा ‘आत्मिक विश्राम’ हुने बताए । गोदारका अनुसार सशुल्क टिकटमार्फत कविता सुनाउने दुस्साहस गर्नुको मुख्य उद्देश्य नेपाली पाठक र दर्शकको आफ्नै भाषा, साहित्य र सर्जकप्रतिको प्रेम कस्तो छ भनी बुझ्नु पनि हो । गोदारले भने, ‘यदाकदा जिन्दगीको रुटिनदेखि विरक्त लागेर कल्पना गरिएको सो हो, जहाँ कविता र सङ्गीतमार्फत मौनतालाई सुन्ने र अँध्यारो अनुभूतिलाई साझेदारी गर्ने अवसर प्राप्त हुनेछ ।’ नेपाली आख्यानमा दार्शनिक र स्वैर कल्पनायुक्त लेखनका लागि परिचित नगरकोटीले यस कार्यक्रमको तयारीका लागि विगत २१ दिनदेखि शिल्पी थिएटरमा रिहर्सल गरिरहेका छन् । विशेषगरी आफ्नो नयाँ कविता ‘बोहेमियन खानाबदोश’ लाई जीवन्त बनाउन उनले हालै आर्यघाटमा पुगेर यलम्बर बाजाका साथ रिहर्सल समेत गरेका थिए । साहित्यिक वृत्तमा कुमार नगरकोटी केवल एक लेखक मात्र नभई एउटा ‘ब्रान्ड’ र ‘दर्शन’ का रूपमा स्थापित छन् । उनको हुलिया र ‘लक्जरी लुक’ लाई कतिपयले फेसनका रूपमा बुझे तापनि त्यो वास्तवमा स्थापित शैलीहरूप्रति उनको ‘भद्र अवज्ञा’ रहेको आयोजकको बुझाइ छ । नगरकोटीका सिर्जनाहरूजस्तै उनको व्यक्तित्व पनि चुम्बकीय र अनौठो छ । राष्ट्रिय सभागृहको विशाल प्रेक्षालयमा पहिलो पटक हुन लागेको यस प्रकारको साङ्गीतिक काव्यिक उत्सवका लागि टिकटहरू अनलाइन प्लेटफर्म इसेवा र थुप्रै डट कममार्फत खरिद गर्न सकिने व्यवस्था मिलाइएको छ ।

# सत्र बुँदे बराम अडानपत्र पारित

**पोखरापत्र संवाददाता**
पोखरा, ६ पुस

अतिसीमान्तकृत बराम/बरामु समुदायको उद्‌गमस्थल गोरखामा सम्पन्न दुईदिने बराम भेलाले १७ बुँदे अडानपत्र पारित गरेको छ ।

बराम समुदायको बाक्लो बस्ती रहेको जिल्लाको भीमसेनथापा गाउँपालिका-५ खान्चोकमा शनिबार र आइतबार आयोजना गरिएको भेलाले १७ बुँदे बराम अडानपत्र पारित गरेको नेपाल बराम सङ्घका सल्लाहकार जगत बरामले जानकारी दिनुभयो । भेलाले गोरखाको भीमसेन थापा, आरुघाट र बारपाक सुलिकोट गाउँपालिकालाई ‘बराम स्वयत्त क्षेत्र’ घोषणा गर्न भनी अदालतले सम्बन्धित निकायलाई दिएको आदेश कार्यान्वयन गराउन निरन्तर पहल गर्ने निर्णय गरेको छ । बराम समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको विकास र उत्थानका लागि स्थानीय तहले छुट्टै ऐन बनाउनुपर्ने तथा विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने माग अडानपत्रमा गरिएको छ । “बराम भाषा (बालकुरा) मा पठनपाठन गर्न पाउने मौलिक हक कार्यान्वयन गर्न र बराम समुदायलाई गाउँसभा, नगरसभा, प्रदेशसभा, सङ्घीय संसद् र सार्वजनिक सेवामा सहभागिताको हक कार्यान्वयन गराउन माग गर्ने निर्णय भएको छ”, बराम सङ्घका सल्लाहकार बरामले भन्नुभयो ।

बराम भेलामा उपस्थित बारपाक सुलिकोट गाउँपालिकाका अध्यक्ष विष्णु भट्ट तथा भीमसेन थापा गाउँपालिकाका अध्यक्ष लोकप्रसाद बञ्जराले बराम जातिको उत्थान र विकासका लागि नीतिगत तथा विभिन्न कार्यक्रम तर्जुमा गरी अघि बढ्ने प्रतिबद्धता समेत व्यक्त गरेका थिए । सङ्घको आयोजना र बराम उत्थान केन्द्रको समन्वयमा खान्चोकमा दुई दिने बृहत् भेला सम्पन्न भएको थियो ।

भेलामा अति सीमान्तकृत बराम समुदायको सामाजिक, आर्थिक र शैक्षिक अवस्थाको बारेमा छलफल गरी विभिन्न निष्कर्ष निकालिएको थियो । आदिवासी जनजाति आयोगका सदस्य सूर्यबहादुर गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न भेलामा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका सदस्य सचिव ज्ञानेन्द्र पुन, आरुघाट गाउँपालिकाको अध्यक्ष राजु गुरुङ, उपाध्यक्ष कल्पना नेपाली, बारपाक सुलीकोट गाउँपालिकाका अध्यक्ष विष्णु भट्ट, भीमसेन थापा गाउँपालिकाका अध्यक्ष लोकप्रसाद बन्जारा तथा उपाध्यक्ष अमृता बस्तीलगायतको उपस्थिति रहेको थियो ।

# चन्द्रवतीको नयाँ कृति ‘कहरको त्यो समय’ लोकार्पण

**पोखरापत्र संवाददाता**
पोखरा, ६ पुस



साहित्यकार एवम गीतकार चन्द्रावती वाग्लेको नयाँ कृति ‘कहरको त्यो समय’ एक कार्यक्रमका बीच आज लोकार्पण गरिएको छ ।

गिताञ्जली साहित्य परिवार पोखरा र नारी बाङ्मय प्रतिष्ठान पोखराद्वारा संयुक्त रुपमा पोखरा ११ स्थित गीतामन्दिरमा आयोजित कार्यक्रममा कृतिको लोकार्पण गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि एवम् बरिष्ठ साहित्यकार माधब बियोगी, कार्यक्रमका सभापति एवम् गिताञ्जली साहित्य परिवार पोखराका अध्यक्ष भानुभक्त भण्डारी ‘क्षितीज’ प्रा.डा.कुसुमाकर न्यौपाने लगायतले कृतिको लोकार्पण गर्नुभएको हो । कृतिबारे परिचर्चा गर्दै प्रा. डा. कुसुमकर न्यौपानेले ‘कोभिड १९’ कोरोना कहरको विषयवस्तु समेटेर रचिएको कविता संग्रह ‘कहरको त्यो समय’का विविध पक्षबारे चर्चा गर्नुभएको थियो । नारी बाङ्मय प्रतिष्ठान पोखराका सचिव लक्ष्मी थापाले सञ्चालन गरेको कार्यक्रममा स्वागत गिताञ्जली साहित्य परिवार पोखरा पूर्व अध्यक्ष शिवप्रसाद गौतमले गर्नुभएको थियो भने स्रष्टाको परिचय साहित्यकार प्रतिभा शर्मा तिमिल्सीनाले गनर्नुभएको थियो । कार्यक्रममा अग्रज साहित्यकार छबिलाल आचार्य, शिव त्रिपाठी, नरेन्द्र रानाभाट, ढुण्ड़ीराज ज्ञवाली लगायतका साहित्यकारहरूले रचना वाचन गर्नुका साथै वसन्त चालिसे, छन्दमणि त्रिपाठी, छन्दिका त्रिपाठी लगायतले शुभकामना व्यक्त गर्नुभएको थियो । दर्जनौ कृतिहरूबजारमा ल्याइसक्नुभएकी वाग्ले विभिन्न साहित्यिक र सामाजिक संघ-संस्थाबाट सम्मानित बनिसक्नुभएको छ ।

समाजका विविधता र वास्तविकता उहाँका कृतिमा जीवन्त चित्रण गरिएको पाइन्छ । प्रत्येक महिनाको पहिलो शनिबार गिताञ्जली साहित्य परिवार पोखराले आयोजना गर्ने साधना प्रभात कार्यक्रमको अवसरमा आयोजित यस कार्यक्रममा पोखराका साहित्यकारहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

# भु. पू. विद्यार्थी मञ्च आनन्द ज्योति मा. वि.को अध्यक्षमा सुशीला अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ६ पुस

भु.पू. विद्यार्थी मञ्च आनन्द ज्योति मा. वि.बेगनासको अध्यक्षमा सुशीला अधिकारी सिग्देल निर्वाचित भएकी छन् । शनिबार सम्पन्न मञ्चको छैटौं बार्षिक साधरणसभा एवं तेस्रो अधिबेशनबाट अधिकारी सिग्देल सर्वसम्मत अध्यक्षमा निर्वाचित भएकी हुन् ।

यस्तै, अधिबेशनले मञ्चको उपाध्यक्षमा कृष्णराज आचार्य, सचिवमा अर्जुन पौडेल र कोषाध्यक्षमा केशबराज तिवारीलाई निर्वाचित गरेको छ । यसैगरी सदस्यहरुमा, गोमा सोती, टेकनाथ पोखेल, प्रकाश सापकोटा, अनिता अधिकारी पोखेल, शिबहरी सुवेदी, रोशन तिवारी र सुर्य सुबेदी चयन भएका छन् ।

संस्थाका सल्लाहकार चन्द्र बहादुर सुबेदी संयोजक र सल्लाहकार चिरञ्जीवी अधिकारी र श्री आनन्द ज्योति मा.बि. का प्रधानध्यपक शिबराज अधिकारी सदस्य रहेको निर्वाचन मण्डलले निर्वाचन प्रक्रिया सम्पन्न गरी सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो । कार्यक्रमको उद्धाटन सत्रमा बोल्दै प्रमुख अतिथी पोखरा महानगरपालिका वडा नम्बर-३१ का वडा अध्यक्ष ढकनाथ कडेलले सामुदायिक विद्यालयहरुको गुणस्तर कमजोर छ भन्ने भाष्य लाई चिर्न आनन्द ज्योति मा.बि. सफल भएको भन्दै गत बर्षको एसईई परिक्षामा यस विद्यालयले सबिक लेखनाथमा नै निजी र सामुदायिक दुबै तर्फका विद्यालयहरु मध्य सत प्रतिशत विद्यार्थी उत्रीण गराउने एक मात्रै विद्यालय बन्न सफल भएर प्रमाणित गरेको बताउनु भयो । बिद्यालयको शैक्षिक गुणस्तर सुधारका गर्नको लागि वडा कार्यलय बिद्यालय र विद्यार्थीहरुको संस्था भु.पू बिद्यार्थी मञ्च संग सहकार्य गरेर अगाडि बढ्न तयार रहेको उनको भनाई थियो । यो पटकको विद्यालयको नतिजा सबैले गर्व गर्न लायक बनेकोमा खुसी व्यक्त गर्दै अध्यक्ष कडेलले यसैगरि हरेक बर्ष सत् प्रतिशत विद्यार्थी उत्रीण गराउन सबैले आ-आफ्नो ठाउँबाट पहल गर्नु पर्नेमा जोड दिए । आनन्द ज्योति माध्यमिक बिद्यालयका पुर्व प्रधानाध्यापक फडिन्द्र मोहन शर्मा अधिकारीले बिद्यालयका पुर्व बिद्यार्थीको संस्थाले रचनात्मक कार्यक्रम गरिरहेकोमा खुसी व्यक्त गर्दै शैक्षिक गुणस्तर सुधारमा गर्न पनि मञ्चले भुमिका खेल्ने सक्नु पर्ने बताए । मञ्चले सबै पुर्व बिद्यार्थीहरुलाई एउटै छाना मुनि समेट्न सफल हुनुपर्नेमा उनको जोड थियो । संस्थाका सल्लाहकार चिरञ्जीवी अधिकारीले मञ्चले पुर्व बिद्यार्थीहरुलाई क्रमिक रुपमा संगठित बनाउदै लगेको बताउदै अझ विद्यालयसंग सहकार्य गर्दै रचनात्मक काम गर्न सक्नु पर्नेमा जोड दिए । मञ्चका अध्यक्ष बिकास प्रसाद कडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष तिर्थराज अधिकारी, प्रधानध्यापक शिबराज अधिकारी, मञ्च संस्थापक सचिब श्रीराम कडेल, संस्थाका पुर्व सल्लाहकार पार्बती थापा कार्की लगायतले बोलेका थिए ।मञ्चका उपाध्यक्ष सुशिला अधिकारी सिग्देलले स्वागत गरेको कार्यक्रमको संचालन सचिव कृष्णराज आचार्यले गरेका थिए । मञ्चले साधारणसभाको अवसरमा हरेक बर्ष जस्तै यो बर्ष पनि श्री आनन्द ज्योति माध्यमिक विद्यालयबाट एस.एल.सि.(१०+२) मा सर्बोकृष्ट अङ्क प्राप्त गर्ने मेलिना सुनार र माध्यमिक परीक्षा एस.ई.ई. मा सर्बोकृष्ट अङ्क ल्याउने करिना सापकोटालाई नगद र प्रमाणपत्रले सम्मान गरिएको थियो । यस्तै संस्थालाई विभिन्न समयमा आर्थिक सहयोग प्रदान गर्नुहुने एवं अक्षयकोषदाता तथा मञ्चका पुर्व सल्लाहकार पदमराज पौडेल र शुभचिन्तक किरण छत्कुलीका साथै विद्यालय परिवार लाई पनि कदर पत्रले सम्मान गरिएको थियो । छैटौं साधारणसभामा अध्यक्ष बिकास प्रसाद कडेल र कोषाध्यक्ष अर्जुन पौडेलले प्रस्तुत गरेका क्रमशः सांगठनिक र आर्थिक प्रतिबेदन सर्वसम्मत बाट पारित भएका छन् । साधारणसभाको अवसरमा मञ्चका नबनिर्वाचित सदस्य रोशनराज तिवारीले विद्यालयको बस संचालनको लागि आर्थिक सहयोग प्रदान गर्ने घोषणा गरेका छन् ।

# बागलुङका किसानका व्यथा : सुन्तला सस्तोमा बेच्न बाध्य

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ पुस

बागलुङका ग्रामीण क्षेत्र सुन्तलाले पहेँलै भएका छन् । किसानले उचित मूल्य नपाएको गुनासो गरेका छन् । व्यापारी सुन्तला बगानमै आएर खरिद गर्ने हुँदा हरेक वर्ष न्यून मूल्यमा बिक्री गर्न बाध्य भएको उनीहरू बताउँछन् ।

बागलुङको काठेखोला, बागलुङ नगरपालिका, जैमिनी र गलकोट क्षेत्रमा सुन्तला उत्पादनका हिसाबले प्रसिद्ध छन् । शहरी क्षेत्रमा प्रतिकिलो रु १२० भन्दा बढी पर्ने सुन्तलालाई व्यापारीले गाउँबाट रु ४०/५० मै ल्याउने गरेको बागलुङ नगरपालिका-८ सिगानाका किसान टोबहादुर खड्काले बताउनुभयो । व्यापारीका कारण किसान र उपभोत्ता मारमा परेको उहाँको भनाइ छ । किसानले उत्पादन गरेको सुन्तलालाई सही रूपमा बजारीकरण गर्ने वातावरण तयार नगर्दा किसान र उपभोक्ता मारमा पर्ने गरेको खड्का बताउनुहुन्छ । आफूले हरेक वर्ष लाखौँको सुन्तला उत्पादन गर्दै आएको उहाँले बताउनुभयो । किसानले नै उत्पादन बजारीकरण गर्न सक्ने वातावरण अझै तयार हुन नसकेको खड्का बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, “सिगानामा सुन्तला धेरै नै उत्पादन हुन्छ, उत्पादनअनुसारको मूल्य पाउन सकिन्थ्यो भने यस क्षेत्रका किसानको जीवनस्तर माथि उठ्नेमा कुनै शङ्का छैन, तर मूल्य नै पाउन सकेका छैनौँ, साउन, भदौमा गाउँमा आएर व्यापारीले सुन्तलाको बगान नै किन्छन्, हामीले प्रतिकिलो रु ४०/५० भन्दा बढी पाउने अवस्था छैन, बजारमा किन्ने उपभोक्ताले बढी मूल्य तिर्छन् ।”अर्का किसान हरिप्रसाद कँडेलले व्यापारीका कारण किसान र उपभोक्ता बढी मारमा परेको बताउनुभयो । किसानबाट खरिद गरेको सुन्तलाको मूल्य बजारमा पुर्‍याएर अस्वाभाविक नाफा लिने गरेको उहाँको भनाइ छ । किसानबाट प्रतिकिलो सुन्तला रु ८० मा खरिद गरेर बजारमा रु १०० मा बिक्री गर्दा किसान र उपभोक्ता मारमा नपर्ने उहाँ बताउनुहुन्छ । कृषि विकास कार्यालयका अनुसार गत वर्ष बागलुङमा रु २६ करोड ४६ लाख ५४ हजार सुन्तला उत्पादन भएको थियो । गत वर्ष चार हजार ७१.६ मेट्रिक टन सुन्तला फलेको थियो । यस वर्ष किसानले बल्ल सुन्तला टिप्न थालेको हुँदा तथ्याङ्क आउन बाँकी छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# सार्वजनिक सूचना

बागलुङ जिल्ला आमलाचौर-४ बस्ने झंकनाथ लामिछानेको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २७ को कित्ता नं. ७९८१ को क्षेत्रफल १६६.९३ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. ७९८२ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २७ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

# साहित्यकार तिलक बहादुर क्षेत्रीका चार कृतिको विमोचन

पोखरापत्र संवाददाता
पोखरा, ६ पुस

साहित्यका तिलक बहादुर क्षेत्रीद्धारा रचित ४ वटा कृतिको शनिबार विमोचन गरिएको छ।

पूर्व कर्मचारी सेवा परिषद् नेपाल गण्डकी प्रदेश शाखाको आयोजनामा पोखरा-८ निवासी क्षत्रीका कृतिहरु पुतली शोक काव्य, उधिनढुंगा कविता संग्रह, कालीका सुसेली गीत संग्रह र आमाको सम्झना खण्ड काव्यको स्रष्टाहरुद्धारा विमोचन गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि एवम् बरिष्ठ साहित्यकार तथा प्राध्यापक कुञ्चराज थापाद्धारा पुतली शोक काव्य समिक्षा गर्नु भएको थियो। यसैगरी गण्डकी प्रज्ञा प्रतिष्ठानका निवर्तमान कुलपति तथा साहित्यकार सूर्य बहादुर खड्का विखर्चीले उधिनढुंगा कविता संग्रहको समिक्षा गर्नु भएको थियो। सो अवसरमा वरिष्ठ लोक गायिका एवम् साहित्यकार हरिदेवी कोइरलाद्धारा कालीका सुसेली गीत संग्रहको समिक्षात्मक टिप्पणी गर्नु भएको थियो। यसैगरी वरिष्ठ साहित्यकार




चन्द्र प्रकाश वानियाद्धारा कृति आमाको सम्झना खण्ड काव्यको समिक्षात्मक टिप्पणी गर्नु भएको थियो।

कार्यक्रममा पूर्व कर्मचारी सेवा परिषद् गण्डकी शाखाका उपाध्यक्ष सूर्य प्रसाद बरालले स्वागत मन्तव्य राख्नुभएको थियो। परिषद्का निवर्तमान अध्यक्ष नरहरी बरालले श्रष्टाको परिचय गराउनु भएको थियो। सो अवसरमा एकैचोटी ४ वटा कृतिको वरिष्ठ सहित्यकारहरुबाट लोकार्पण गरिएको थियो। उक्त कार्यक्रममा सागर पौडेल, बसन्त प्रसाद चालिसे र गीतान्जली साहित्यका सहकोषाध्यक्ष चन्द्रवती वाग्लेबाट कविता वाचन गरिएको थियो। सो अवसरमा सर्जक साहित्यकार तिलक बहादुर क्षेत्रीले शोक काव्य पुतली दिवंगत श्रीमती कृष्णा कुमारी क्षेत्री (पुतली)को स्मृतिमा रचना गरिएको बताउनु भएको थियो। सो अवसरमा उहाँले कविता वाचन गर्नु भएको थियो।

यसैगरी आमाको सम्झना (खण्ड काव्य)मा आमाले भोगेका दुःख पिडाका साथै आफूले जागिरको सिलसिलामा परिवारलाई छोडेर हिडेका घटनाको वारेमा कविता मार्फत पस्कनु भएको छ। त्यस्तै कालीका सुसेलीहरुमा आफूले जागिर सिलसिलामा लेखिएका गीतहरुको संग्रह रहेको पाइन्छ। साथै उधिनढुंगा कविता संङ्ग्रहमा साहित्यकार क्षेत्रीले प्रकृति प्रेम, राष्ट्र प्रेम, जन्मभूमि प्रतिको प्रेम साथै मानविय जीवनको यार्थतालाई कवितामा संग्रह गर्नु भएको छ।

कार्यक्रम पूर्व कर्मचारी सेवा परिषद् नेपाल, गण्डकी प्रदेश शाखाका अध्यक्ष गिरीधारी सुवेदीको अध्यक्षतामा भएको थियो। सो अवसरमा सुवेदीले पूर्व कर्मचरीहरुसँग भएको सीप दक्षता र क्षमतालाई संस्थाले सधै संरक्षणका साथै प्रोत्साहन गर्ने बताउनु भयो। कार्यक्रममा वडा नं. ८ का वडा सदस्य गोविन्द प्रसाद बराल, पूर्व कर्मचारी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष विष्णु भण्डारी लगायतको उपस्थिी रहेको कार्यक्रमको संचालन प्रेमराज गिरीले गर्नु भएको थियो।

# कर्मशिल बचत तथा ऋण सहकारीको १३ औं वार्षिक साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ६ पुस

कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.ले तेह्रौं वार्षिक साधारण सभा शनिबार सम्पन्न गरेको छ।

संस्थाका जेष्ठ शेयर सदस्य समाजसेवी एवम् शिक्षासेवी रत्नमान गुरुङ प्रमुख अथिति रहनु भएको कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष चन्द्र बहादुर गुरुङले गर्नु भएको थियो। कार्यक्रमको स्वागत मन्तब्य उपाध्यक्ष विष्णुमाया गुरुङले गर्नुभएको थियो। सो अवसरमा संस्थाका निवर्तमान अध्यक्ष एवम् सल्लाहकार संगिता गौतम तिमिल्सिनाले शुभकामना एवम् शेयर सदस्यको तर्फबाट सुभद्रादेवी शर्माले मन्तव्य व्यक्त गर्नु भएको थियो।

सल्लाहकार टुवराज बास्तोला, सल्लाहकार एवम् संस्थापक अध्यक्ष ध्रुव कुवँरले हालको आर्थिक अवस्थामा




सहकारीको भूमिका बारेमा बताउनु भएको थियो।

सहकारीका सल्लाहकार डा. देवीलाल शर्मा तिमिल्सिनाले हाल देशमा रहेको राजनीतिक एवम् आर्थिक गतिविधिको असर सहकारीमा पनि परेको बताउनु भयो। यस्तो आर्थिक मन्दीको अवस्थामा कर्मशिल सहकारी सुरक्षित एवम् मजबुत रहेको बताउनुभयो। कार्यक्रममा सचिव ज्ञान प्रसाद अर्याललले सचिवको भावी कार्यक्रम तथा प्रतिवेदन, लेखा समिति संयोजक महेश्वर ढकालले लेखा समितिको प्रतिवेदन, कोषाध्यक्ष गणेश भण्डारीले कोषाध्यक्षको प्रतिवेदन साथै व्यवस्थापक सागर भण्डारीले कार्यक्रम तथा प्रतिवेदन पेश गर्नु भएको थियो। संस्थाका अध्यक्ष चन्द्र बहादुर गुरुङ अध्यक्षको प्रगति प्रतिवेदनका साथै भावी कार्य योजना बारे बताउनु भएको थियो।

सो अवसरमा उत्कृष्ट कारोबार गर्ने शेयर सदस्य साथै प्लस टु उत्तीर्ण गर्ने शेयर सदस्यका छोराछोरीहरुलाई सम्मान गरिएको थियो। कार्यक्रमको संचालन सचिव ज्ञान प्रसाद अर्याललले गर्नु भएको थियो भने सहकारीका सात सिद्धान्त वाचन सहसचिव तिर्थ कुमारी गुरुङले गर्नु भएको थियो।

# काहुँखोला महिला बहुउद्देश्यीय सहकारीको सातौं साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, ६ पुस

काहुँखोला महिला विकास बहुउद्देशीय सहकारी संस्था लिमिटेडको सातौं वार्षिक साधारण सभा शनिवार एक भव्य समारोहका बीच सम्पन्न भएको छ। कार्यक्रमको उद्घाटन संस्थाकी ज्येष्ठ शेयर सदस्य एवं कार्यक्रमकी प्रमुख अतिथि सरस्वती कार्कीले गरेकी थिइन। संस्थाकी अध्यक्ष रमा कार्कीको अध्यक्षतामा भएको कार्यक्रमको आरम्भमा ईश्वरी बरालले उपस्थित सम्पूर्णमा स्वागत मन्तव्य राखेकी थिइन्।

संस्थाकी शिक्षा उप-समिति संयोजक सरिता वाग्लेले सहकारीका सात विश्वव्यापी सिद्धान्तहरू वाचन गरेकी थिइन्। सो अवसरमा शेयर सदस्य लक्ष्मी सिग्देलले




संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना मन्तव्य व्यक्त गरिन्। सभाको बन्द सत्रमा विभिन्न प्रतिवेदनहरू पेश गरी पारित गरिएको थियो। जसअनुसार संस्थाको अध्यक्षको प्रतिवेदन शान्ति के.सी.ले वाचन गरेकी थिइन् भने सचिवको प्रतिवेदन संस्थाकी सचिव शारदा रेग्मी पराजुलीले प्रस्तुत गरिन्। त्यस्तै, कोषाध्यक्ष संगीता बराल सापकोटाले संस्थाको आर्थिक प्रतिवेदन र लेखा समिति संयोजक चन्द्रकुमारी गुरुङले लेखा समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गरेका थिए। कार्यक्रमको संयोजन सरस्वती सिग्देलले गरेकी थिइन् भने कार्यक्रमको सञ्चालन संस्थाकी सचिव शारदा रेग्मी पराजुलीले गरेकी थिइन्।

# कंक्रिटको घेराबिच जोगिदैं उर्वर माझठानाको टारी

पोखरापत्र संवाददाता
पोखरा, ६ पुस

कास्की जिल्ला परम्परागतदेखि नै उर्वर भूमिकारुपमा चिनियको थियो। वैदामको वारी, आर्वाको घारी र माझठानाको टारी यी तिनै क्षेत्र कुनै समय जिल्लाका प्रमुख अन्न भण्डारकारुपमा परिचित थिए।

तर समय फेरियो, सहर फैलियो उर्वर जमिन माथि कंक्रिट ठडिन थाले। फेवातालको किनारा पर्यटकीय क्षेत्रका रुपमा विकसित वैदामको सम्पूर्णवारी कंक्रिट वस्तिमा परिणत भएको छ भने आर्वाको घारी पनि विस्तारै अव्यवस्थित वसोवासको चपेटामा परेको कारण उर्वर भूमि दिनप्रतिदिन खुम्चिदै गएका छन्। यी सबै परिवर्तनका बीच पनि माझठानाको टारी भने हरियाली र उत्पादनको प्रतिक बनेर उभिएको छ। साविक माझठाना गाविस र हाल पोखरा महानगरपालिका वडा नं. २८ को सो क्षेत्रका सम्पूर्ण टारीहरुको माथिल्लो भागमा वस्ति र जंगल रहेको कारण तल्लो भागमा रहेका टारी बर्षासंगै बगेर आउने पातपतिङ्ग सहित मलले मलिलो हुँदा उत्पादनमा बृद्धि हुने गरेको सजिलोसंग अड्कल गर्न सकिन्छ। हजारौ हेक्टरमा फैलिएको सो क्षेत्रका टारी आज पनि फाँट जस्तै देखिनु यसको विशेषता बनेको छ। टारीको



माटोमा उर्वरता, हावामा माटोको गन्ध छरत किसानको हातमा हँसिया र कोदालो छन्। यस्तै विविध कारण यो टारी अहिलेसम्म पनि वस्तिको चपेटाबाट जोगिन सफल भएको छ। यस टारीको सवै भन्दा ठूलो विशेषता भनेको सिँचाई हो। टारीका अधिकाँश खेतमा प्राकृतिक मुत्र (श्रोत) रहेका छन् जसवाट बर्षभरिनै पानीको सुविधा पुगेको स्पष्ट देख्न र अनुभूति गर्न सकिन्छ। वाह्रै महिना सिँचाईको सुविधा पुगेको कारण टारीमा धान, मकै, गहुँ, तोरी देखि तरकारी लगायत अन्य नगदे वालीहरु उत्पादन हुँदै आएको छ। सिँचाईको यही सुनिश्चितताको कारण अहिले पनि माझठानाको टारी जिवित कृषि क्षेत्रकारुपमा टिकाई राखेको छ। सहरीकरणको दवाव तिब्र हुँदै जाँदापनि यहाँको उत्पादनको भण्डार टारी अझैपनि सुरक्षित र हनु स्तानीय किसानहरुको निरन्तर लगनशिलता र भूमिप्रतिको आत्मियताकै परिणाम हो। कतिपय कृषकका लागि यो टारी केवल जिविकोपार्जनको श्रोत मात्र नभई पुस्तौदेखि जोडिएको पहिचानपनि हो। जमिन बाँझो राख्नु आफु स्वयं र राष्ट्रिय उत्पादकत्वमा समेत असर पर्ने सोच यहाँका किसानमा जिवितै छ। कास्की जिल्लामा पछिल्ला बर्षमा कृषि भूमि तिब्ररुपमा घट्दै गएको छ सडक, भवन र आधुनिक पूर्वाधारको विस्तारसंगै खेतियोग्य जमिन वस्ति विस्तार हुने क्रममा सिमेन्टमा ढाकिँदै गएको यथार्थताका बीच पनि माझठाको टारीले फरक कथा भन्दछ।यो टारीले विकास संरक्षण संगसंगै अघि वढ्न सक्ने सम्भावनाको संकेट गरिरहेको छ। यदि स्थानीय तह र सरोकारवाला निकायले समयमै कृषि भूमि संरक्षणमा ध्यान दिए, सिचाई श्रोतको संरक्षण गरेर किसानलाई प्रोत्साहनका कार्यक्रम ल्याउने हो भने माझठानाको टारी अतितको स्मृति नभई भविष्यको खाद्य संरक्षणको आधार बन्ने सक्दछ। कंक्रिटको घेरा बीच जोगिएको यो टारी आज जिल्लाको उर्वर भूमि संरक्षणको मौन सन्देश बोकेर उभिएको छ। टारीमा अहिलेपनि खासै बाँझो जग्गा देख्न पाइदैन किसानले सवै सिजनमा खेती गर्ने हुँदा सो क्षेत्रको खेत वारी हराभरा देखिन्छ। त्यस्ता टारीहरुमा पनि भुमाफियाको चलखेल नपर्ला भन्न सकिदैन। पछिल्लो समय जग्गाका कारोवारीहरु सरहका ठूला जग्गा चिरा पारेर सकिएसंगै ग्रामिण क्षेत्रतर्फ लाग्न शुरु गरेको स्पष्ट देख्न सकिन्छ।

पोखरा उपत्यकाका तालहरुले सिञ्चित फाँटहरु विस्तार सागुरिदै गएका छन्। फेवा सिंचाईको व्यवस्था भएको यहाँको विरुवा फाँट, सेतीनहको कुडहर फाँट, कंक्रिट वस्तिमा परिणत भएपछि अहिले नहरको पानीको उपयाग विहिन बनेको छ भने अन्य लेखनाथका फाँटहरुपनि तिब्र वस्ति विकासको क्रममा रहेका छन्। सरकारकाले यस्ता उर्वर भूमिको संरक्षण गरि उत्पादनसंग जोडनका लागि आवश्यक निती निर्माण गर्न अपरिहार्य छ। माझठानाका जस्ता टारी जिल्ला भित्र धेरै रहेका छन् त्यस्ता जग्गालाई कृषि क्षेत्र घोषणा गरि उत्पादिन वस्तुको बजारीकरणका लागि सम्वन्धि निकायले ध्यान दिन सके कृषक उत्पादनसंग जोडिने र जग्गा खण्डीकरण समेत रोकिने प्रचुर सम्भावना रहेको छ।

# कालीगण्डकी करिडोर : तातोपानी-घाँसा खण्ड स्तरोन्नति

पोखरापत्र संवाददाता
म्याग्दी, ६ पुस

चिन र भारत जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर, बेनी-जोमसोम-कोरला सडक योजनाअन्तर्गत म्याग्दीको तातोपानीदेखि मुस्ताङको घाँसा खण्डको सडक स्तरोन्नति सकिएको छ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ भुरुङ्ग-तातोपानीको नागढुङ्गादेखि मुस्ताङको थासाङ गाउँपालिका-४ घाँसाको कैह्कुखोला खण्डको सडकलाई ११ मिटर फराकिलो बनाएर दुई लेन कालोपत्र र ढलान गर्न आर्थिक वर्ष २०७३/७४ देखि योजना सुरु भएको थियो। शर्मा-गजुरमुखी जेभीले 'भेरियसन अर्डर'सहित रु ६३ करोडमा ठेक्का लिएको तातोपानी-घाँसा खण्डको १६ किलोमिटर ५०० मिटर सडकमध्ये पहिरो प्रभावित तीन किलोमिटर ३०० मिटर बाहेकको ठाउँमा कालोपत्र र ढलान गर्ने काम सकिएको हो।

जेभीका आयोजना व्यवस्थापक नरेन्द्र न्यौपानेले दुई किलोमिटर ५०० मिटर ढलान र १० किलोमिटर ७०० मिटरमा डिबिएसडी प्रविधिको कालोपत्र भएको जानकारी दिनुभयो। "प्रतिकूल भूगोल, कोरोना महामारी, बाढीपहिरो, नदीजन्य निर्माण सामग्री अभावलगायत कारणले योजना निर्माणमा ढिलाइ भएको हो", उहाँले भन्नुभयो, "स्तरोन्नति सकिएको सडकलाई औपचारिक रूपमा सडक आयोजना कार्यालयलाई हस्तान्तरणको प्रक्रियामा छौं।" लक्ष्यभन्दा पाँच वर्ष ढिलागरी सम्पन्न भएको हो। गजुरमुखी निर्माण सेवा आन्तरिक समस्यामा परेपछि साझेदार शर्माले अधुरो कामलाई पूर्णता दिएको हो। पहिरो प्रभावित गुइँठे, खामभित्ता, दुवारीखोला, लाटोखोला, रुप्से, घोप्टेभिर, ठाडोखोला खण्डमा आयोजनाले नयाँ ठेक्कामार्फत काम सुरु गरेको छ।

कडा चट्टान र साँघुरो सडक भएको काभ्रेभिर, बादरजुङ र घोप्टेभिर क्षेत्रमा 'रक एङ्करिङ' गरेर सडक फराकिलो बनाइएको छ। नागढुङ्गा, जलथले, गुइँठे, सुकेबगर, दाना, तितर, काभ्रे र घाँसा क्षेत्रमा कालोपत्र भएको छ।

सडक कालोपत्र भएपछि दुई घण्टाको यात्राअवधि ३० मिनेटमा छोटिएको अन्नपूर्ण गाउँपालिका-३ का वडाध्यक्ष रमेश पुर्जाले बताउनुभयो। यो खण्डको धेरै दूरी अन्नपूर्ण गाउँपालिका-३ को भूगोलमा पर्छ। मुस्ताङ आवतजावत गर्ने पर्यटक, तीर्थयात्री, स्थानीयवासीका साथै कोरला नाकाबाट सामान आयातनिर्यात गर्ने मालवाहक सवारीसाधनलाई सहज भएको छ। सडक सहज भएसँगै आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेको वडाध्यक्ष पुर्जाले बताउनुभयो।

शर्मा-गजुरमुखीले बेनी-जोमसोम कोरला सडकको दोस्रो (तातोपानी-घाँसा) र तेस्रो घाँसा कैह्कुखोला-खन्ती खण्डमा स्तरोन्नतिको जिम्मा लिएको थियो। सोह्र किलोमिटर दूरीको कैह्कुखोला-खन्ती खण्डको दुई वर्षअघि नै स्तरोन्नति सकेर हस्तान्तरण गरेको थियो। भारत र चीनलाई जोड्ने ४३५ किलोमिटर दूरीको कालीगण्डकी करिडोर सडकलाई गण्डकी प्रदेशको लाइफ लाइन (भाग्यरेखा) मानिएको छ। रु १० अर्ब ५७ करोड अनुमानित लागत रहेको २०२ किलोमिटर दूरीको बेनी-जोमसोम कोरला सडक योजनाअन्तर्गत ९४ किलोमिटर ग्राभेल, ८८ किलोमिटर कालोपत्र र १४ वटा सडक पुल निर्माण सकिएको छ। आयोजना प्रमुख तेजस्वी शर्माले रु १० अर्ब ५७ करोड रहेका आयोजनामा ८२ प्रतिशत अथवा रु आठ अर्ब २० करोड खर्च भइसकेको बताउनुभयो।

# हरिहर मन्दिरबाट रासस कर्मी बास्तोला सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, ६ पुस

ऐतिहासिक, सांस्कृति एवम् पुरातात्विक पहिचान वोकेको पोखरा १७ महतगौडास्थित सदा शिव सिद्धेश्वर हरिहर मन्दिर व्यवस्थापन समितिको साधारण सभा सम्पन्न भएको छ।

साधारण सभा एवम् अधिवेशन उद्घाटन समारोहमा रासस कर्मी हरिप्रसाद बास्तोलालाई सम्मान गरिएयो। पत्रकारिताको माध्यमवाट धार्मिक क्षेत्रको प्रचार प्रसारमा पुऱ्याउनु भएको अतुलनिय योगदानको उच्च कदर गर्दै उहाँलाई सम्मान गरिएको हो।

पोखरा महानगरपालिका वडा नं. १७ का वडाअध्यक्ष राधिका




शाही योगीले अधिवेशनको उद्घाटन समारोहमा उहाँलाई दोसल्ला, खादा र सम्मानपत्रले सम्मान गर्दै धार्मिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका रहने वताउँनुभयो। समाजको एकताबाट मात्र विकास निर्माणमा जोड पुग्ने बताउँदै उहाँले धार्मिक संघसंस्थाको विकास, संरक्षण र प्रवर्द्धनमा महानगरले सक्दो सहयोग गर्दै आएको बताउनुभयो। सिमित श्रोत साधनको अधिकतम उपयोग गरि जन भावनाका आधारमा वगाको समग्र विकास निर्माणमा जोड दिँदै आएको उहाँको भनाई थियो। मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र शर्मा भण्डारीको अध्यक्षतामा भएको कायक्रममा वडा सदस्य शिवराम भण्डारी, सितापाईला ढुट्टेसाँघु आमा समुहका अध्यक्ष झुना मल्ला, समाज सेवी नरेन्द्र गिरी लगायतले बोल्नु भएको कार्यक्रममा कोषाध्यक्ष इसारा विरकट्टा थापाले आर्थिक प्रतिवेदन प्रस्तुत र सचिव हरिहर भण्यडारीले सञ्चालन गर्नुभएको थियो।